नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

पत्र संख्या :
च.नं. :

सिंहदरबार, काठमाडौं
नेपाल ।

## विज्ञप्ति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा श्रीमान् मुख्यसचिव एकनारायण अर्यालज्यूको समुपस्थितिमा संवत् २०८१ कात्तिक २१ गते सरोकारवाला निकायका पदाधिकारी तथा प्रतिनिधिहरूको उपस्थितिमा सहकारी संस्थाको वचत रकम दुरुपयोग सम्बन्धमा संसदीय विशेष छानबिन समितिको प्रतिवेदन, २०८१ ले औंल्याएका विषयहरू कार्यान्वयनसम्बन्धी बैठक सम्पन्न भएको छ।

बैठकले बचत तथा ऋणको मुख्य कारोबार गर्ने समस्याउन्मुख सहकारी संस्थाहरूको स्थलगत अनुगमन गरी त्यस्ता संस्थाहरूको कारोबारको यथार्थ वस्तुस्थिति र जोखिम समेत आंकलन गरी प्रतिवेदन पेश गर्न निश्चित कार्यादेश सहित प्रदेशगत रुपमा विज्ञ सहितको टोली खटाउने व्यवस्था भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मिलाउने; प्रतिवेदनले औंल्याएका कानुनी सुधारका लागि तीस दिनभित्र प्रतिवेदन पेश गर्ने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव (कानुन) को संयोजकत्वमा अर्थ मन्त्रालयका वित्तीय क्षेत्र हेर्ने सहसचिव, नेपाल राष्ट्र बैंकका वित्तीय सुपरीवेक्षण तथा नियमन क्षेत्र हेर्ने निर्देशक र सहकारी विभागका रजिष्ट्रार सदस्य एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सहसचिव नमराज घिमिरे सदस्य सचिव रहेको एक कार्यदल गठन गर्ने एवं सहकारी संस्थाहरूको छुट्टै नियमनकारी निकाय गठन गर्न तथा अर्थ मन्त्रालयसँग समन्वय गरी सहकारी ऐन, २०७४ बमोजिमको बचत तथा कर्जा सुरक्षण कोष स्थापनाको काम तत्काल टुङ्ग्याउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आवश्यक कारबाही अगाडि बढाउने निर्णय गरियो।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; गृह मन्त्रालय; अर्थ मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यूहरू, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर, नायव महान्यायाधिवक्तालगायत सम्बन्धित उच्च पदस्थ कर्मचारी एवं पदाधिकारीहरूको सहभागिता रहेको थियो।

२०८१ कात्तिक २१ गते, बुधबार

प्रेमप्रसाद आचार्य
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np